(आठौं बैठक)

आज मिति २०८० पौष २६ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङबु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शेर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री बच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री वीर वहादुर वस्नेत (प्र.प्र.अ)

<u>आमन्त्रित/सहयोगी कर्मचारीहरु :</u>

- श्री नवराज खत्री (शाखा अधिकृत, सातौं)
- श्री भवानी प्र. मिश्र (लेखा अधिकृत)
- श्री गंगा सागर पौडेल (IT officer)
- श्री संजीव खनाल (प्रा.स.प)
- श्री उपेन्द्र लाल श्रेष्ठ (प्रशासन शाखा)

भोटेकोशी गाउँपालिका
लिपिङ्कोट, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु :

१. आ.ब. २०८०/०८१ को हिउँदे अधिवेशनमा पेश हुने प्रस्तावहरु

२. आधारभूत अस्पतालको लागि आवश्यक जनशक्ति (रेडियो ग्राफर) व्यवस्थापन सम्वन्धमा

३. आधारभूत अस्पतालको लागि डिजिटल अत्यावश्यक एक्सरे मेशिन सम्वन्धमा

४. हेली रिसोर्ट तथा स्मल हेभन बाट पेश भएको बील भुक्तानी सम्वन्धमा

५. भाडामा प्रयोग भएको घरको रङ रोकनको भुक्तानी सम्वन्धमा

६. भुकम्प पिडितलाई वितरण गरेको राहत तथा खर्च अनुमोदन सम्वन्धमा ।

७. विविध सम्वन्धमा

## निर्णयहरु

१. यस भोटेकोशी गाउँपालिकाको आ.ब. २०८०/०८१ को गाउँ सभाबाट पारित भएका योजना तथा कार्यक्रमहरु देहायबमोजिम परिवर्तन गरी हिउँदे गाउँ सभामा स्वीकृती तथा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

१) वडा नं. १ को धारापानी गुम्बा खानेपानी तथा भल व्यवस्थापनम विनियोजित रु ७ लाखलाई शिर्षक परिवर्तन/संशोधन गरी धारापानी गुम्बा भल व्यवस्थापन, विजुली जडान तथा पार्केटिङ्ग शिर्षक कायम गर्ने निर्णय गरियो ।

२) वडा नं. १ को पालिकास्तरीय आयोजना सिंगारी घाट निर्माण मा विनियोजित रु ५ लाखलाई शिर्षक परिवर्तन/संशोधन गरी सिंगारे घाट तथा गोरेटो बाटो निर्माण कायम गर्ने निर्णय गरियो ।

३) वडा नं. २ को वडागत बजेट अन्तर्गत स्वागत द्धारा निर्माण शिर्षकमा विनियोजित रु ९ लाख ९० हजारलाई पालिका स्तरीय आयोजना नेपाल चिन स्वागतद्धार निर्माण शिर्षकमा विनियोजित रु ३६ लाखमा थप गरी कुल रु ४५ लाख ९० हजारमा बजेटमा नेपाल चिन स्वागतद्धार निर्माण कायम गर्ने निर्णय गरियो ।

४) पालिका स्तरीय बहुबर्षीय योजना (आ.ब. २०८०/०८१ र ०८१/०८२ मा सम्पन्न हुने गरी) अन्तर्गतको तातोपानी धारा स्तरोन्नतिको लागि प्राविधिक शाखाबाट रु ५ करोड ३२ लाखको ल.ई तयार भएको हुँदा विनियोजित रु ४ करोड ५० लाखमा अपुग रकम रु ८२ लाख आगामी आ.ब. २०८१/०८२ मा स्रोत सुनिश्चित गर्ने र सो योजना संचालनको लागि ल.ई बमोजिमको बोलपत्र आ.ब. २०८०/०८१ गर्ने निर्णय गरियो ।

पासाङ नुर्बु शेर्पा
अध्यक्ष

बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

५) वडा नं. ३ को नामथाङ दलित सामुदायिक भवन निर्माणमा विनियोजित रु ५ लाखलाई शिर्षक परिवर्तन गरी नामथाङ दलित सामुदायिक भवनको आगन र कुलो निर्माण कायम गर्ने निर्णय ।

६) वडा नं. ३ को खर्कु टाँगा सामुदायिक भवन निर्माणमा विनियोजित रु ७ लाख रकम शिर्षकलाई परिवर्तन गरी खर्कु सामुदायिक भवन निर्माण रु ३ लाख र टाँगा सामुदायिक भवन निर्माण रु ४ लाख कायम गर्ने निर्णय गरियो ।

७) पालिका स्तरीय बहुबर्षिय आयोजना अन्तर्गत वडा नं. ३ मा १० किलो बोक्चेन सडक स्तरोन्नति को लागि आ.ब. २०८०/०८१ मा विनियोजन भएको रु ६६ लाख र आ.व. २०८१/०८२ मा स्रोत सुनिश्चित भएको रु ८४ लाख शिर्षक परिवर्तन गरी १० किलो बोक्चेन पुल निर्माणको लागि कायम गर्ने र सोहि पुल निर्माणको लागि डि.पि.आर बमोजिमको अपुग रकम रु ३ करोड आ.व. ०८१/०८२ मा बजेट सुनिश्चित गर्ने गरी चालु आ.ब. ०८०/०८१ मा बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

८) वडा नं. ४ को पालिका स्तरीय आयोजना जोङथाङ देखी लाङथाङ गोरेटेबाटो निर्माणमा विनियोजित रु ७ लाखलाई शिर्षक परिवर्तन गरी टासी छ्योलीङ गुम्बा स्तरोन्नती कायम गर्ने निर्णय गरियो ।

९) वडा नं. ४ को पालिकास्तरीय आयोजना ताक्पासा- पागेप गोरेटो बाटोमा विनियोजित रु ८ लाखलाई शिर्षक परिवर्तन गरी ताक्पासा- पागेप मोटरबाटो निर्माण कायम गर्ने निर्णय गरियो ।

१०) वडा नं. ४ को वडास्तरीय मानेडाडाँ देखी लुमथाङ हुँदै गुम्बासम्म गोरेटोबाटो निर्माणमा विनियोजित रु ७ लाखलाई शिर्षक परिवर्तन गरी मानेडाडाँ देखी लुमथाङ हुँदै गुम्बासम्म जाने सडकको नाला निर्माण कायम गर्ने निर्णय गरियो ।

११) वडा नं. ५ को पालिकास्तरीय चाकु सामुदायिक भवन निर्माणमा विनियोजित रु ५ लाख शिर्षक परिवर्तन गरी मार्मिङ स्वास्थ्य चौकी भवन निर्माणमा थप गर्ने निर्णय गरियो ।

१२) वडा नं. ५ को वडा स्तरीय सामुदायिक स्वास्थ्य इकाई भवन मार्मिङ मेसिनरी पर्खाल निर्माणमा विनियोजित रु ५ लाख शिर्षक परिवर्तन गरी बाल्मुसिंह मेसिनरी पर्खाल निर्माण कायम गर्ने निर्णय गरियो ।

१३) वडा नं. ५ को वुद्ध पार्क निर्माण मार्मिङ शिर्षकमा विनियोजित रु ६५ लाख सामुदायिक भवन निर्माण मार्मिङमा थप गरी रु १ करोड २५ लाख बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

१४) पर्यटन प्रवर्धन सम्बन्धि अन्य सार्वजनिक निर्माणमा विनियोजित रु ५० लाखबाट तपसिल बमोजिमको योजनाहरु तथा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

i. त्याङथली ससाधारा मोटरबाटो स्तर उन्नति रु ७ लाख, वडा नं ५
ii. तातोपानी धारा गुरु रिन्छोपे मर्मत रु ५ लाख, वडा नं. २
iii. डाक्लाङ प्रतिक्षालय निर्माण रु १ लाख ५० हजार, वडा नं. ४

पासाङ लुंडु शेर्पा
अध्यक्ष

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

iv. कोदारी फड्के पुल निर्माण रु ३ लाख, वडा नं. २

v. चन्दर्कु पैदल मार्ग रु २ लाख, वडा नं. ५

vi. थाङसिङ हिमालय सामुदायिक भवन रु ५ लाख, वडा नं. ४

vii. कोदारी मन्दिर मर्मत सम्भार ३ लाख, , वडा नं. २

viii. गाउँपालिका जिन्सी भण्डारण तथा व्यवस्थापन रु ३ लाख ५० हजार

१५) **हाम्रो घर मिलान केन्द्र व्यवस्थापन खर्च तर्फको रु २५ लाख र मोबाइल दमकल खरिद तर्फको** रु ५० लाख गरी कुल रु ७५ लाखको शिर्षक परिवर्तन/संशोधन गरी तपसिल बमोजिमको योजना/कार्यक्रमहरु गर्ने निर्णय गरियो ।

i. युल्दासिङ फड्के पुल निर्माण रु ३ लाख, वडा नं. ५

ii. दुगुना गढी बुद्ध पार्क निर्माण रु ८ लाख, वडा नं. ३

iii. झ्यालेभिर देखि भाल्दुङ सम्म सडक सरसफाई ४ लाख ५ हजार, वडा नं. १

iv. टुम्बुक सामुदायिक भवन रु ३ लाख, वडा नं. ४

v. पाङसेर्पू घिसिङ डाँडा खानेपानी मर्मत रु २ लाख, वडा नं. ४

vi. डाक्लाङ सेलेले खोला फड्के पुल रु २ लाख, वडा नं. ४

vii. खोकुण्डोल खोला नियन्त्रण ४ लाख ५० हजार , वडा नं. ४

viii. नाम्थाङ शिव मन्दिर मर्मत रु १ लाख, वडा नं. ३

ix. भैरवकुण्ड आ.वि भान्साघर निर्माण रु ३ लाख, वडा नं. ३

x. कोदारी गुम्बा स्तर उन्नति रु ५ लाख, वडा नं. २

xi. थामी गाउँ चर्च मर्मत वडा नं २ रु ५ लाख , वडा नं. २

xii. गुम्बा डाँडा मोटर बाटो मर्मत रु १२ लाख, वडा नं. १

xiii. गुन्सा पर्खाल निमाण रु ५ लाख, वडा नं. ५

xiv. तारतोङ नेवार टोल पुजा घर रु ५ लाख, वडा नं. ३

xv. आधारभुत अस्पताल बाटो स्तर उन्नति रु ४ लाख, वडा नं. ३

xvi. सिप्चयुङ पर्खाल निर्माण रु ५ लाख, वडा नं. ५

xvii. रास्ट्रपति रनीङ शिल्ड नपुग भुक्तानी रु ३ लाख

१६) **पर्यटन प्रवर्धन सम्बन्धि विभिन्न कार्यक्रम तथा छपाई/प्रकाशनमा विनियोजित** रु १५ लाखवाट रु ६ लाखम गाउँपालिकाको कार्यालयमा आवश्यक डिजिटल हेल्प डेस्क व्यवस्थापन गर्ने निर्णय गरियो ।

पासाङ नुर्बु शेर्पा
अध्यक्ष

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

१७) उत्पादनमा आधारित अनुदान कार्यक्रममा विनियोजित रु २० लाख मध्येबाट तपसिल बमोजिमका योजना/कार्यक्रम संचालनका लागि रु १५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

i. राजस्व समिति, जनप्रतिनिधि, वडा सचिवको राजस्व क्षमता विकास कार्यक्रम रु २ लाख
ii. करदाता शिक्षा कार्यक्रम रु ३ लाख
iii. राजस्व सुधार योजना अध्यावधिक रु १ लाख
iv. राजस्व शाखा ल्यापटप खरिद रु २ लाख
v. उद्यम विकास तर्फको ट्रस निर्माण साझा सुविधा केन्द्र तथा निर्माणको शिर्षक परिवर्तन गरी ट्रस निर्माण साझा सुविधा केन्द्र निर्माण तथा व्यवस्थापन कायम गरी रु ७ लाख थप बजेट विनियोजन गर्ने ।

१८) किशोर किशोरीलाई लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षामा विनियोजित रु १० लाखको शिर्षक परिवर्तन गरि लोक सेवा तथा शिक्षक सेवा आयोग तयारि कक्षा कायम गर्ने निर्णय गरियो ।

१९) अध्यक्ष संग बालबालिका कार्यक्रममा विनियोजित रु ५ लाख शिर्षक परिवर्तन गरी प्राविधिक शिक्षा छात्रावृति अनुदानमा रु ३ लाख थप गर्ने र माध्यामिक विद्यालयहरुमा इ हाजिरि जडान गर्न रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

२०) आ.व. २०८०/०८१ मा सवारी साधन शिर्षकमा विनियोजित रकमबाट रकमान्तर गरी मध्यकालिन खर्च संरचना र आन्तरिक नियन्त्रण प्रणालि निर्माण गर्न ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

२१) यस भोटेकोशी गाउँपालिकाको अनुगमन समितिले पेश गरेको प्रतिवेदन तथा न्यायिक समितिले पेश गरेको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

२२) भोटेकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा पेश भएका तपसिल बमोजिमका कार्यविधि पारित गर्ने निर्णय गरियो ।

<u>तपसिल :</u>

- भोटेकोशी गाउँपालिकाको विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८०
- भोटेकोशी गाउँपालिकाको स्थानीय आपतकालिन केन्द्र कार्य संचालन कार्यविधि २०८०
- भोटेकोशी गाउँपालिकाको विपद पोर्टलमा तथ्याङ्क तथा सूचना व्यवस्थापन कार्यविधि २०८०

२. भोटेकोशी आधारभूत अस्पतालको लागि अत्यावश्यक डिजिटल एक्सरे मेशिन संचालनको लागि १ जना रेडियो ग्राफर पदमा कर्मचारी सेवा करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

३. भोटेकोशी आधारभूत अस्पतालको लागि अत्यावश्यक डिजिटल एक्सरे मेशिन श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सगँ माग गर्ने निर्णय गरियो ।

४. हेली रिसोर्टबाट पेश भएको बील बमोजिमको रकम रु ५७ हजार ५ सय ३६ तथा स्मल हेभेनबाट पेश भएको बील बमोजिमको रकम रु १ लाख ५० हजार अथिति सत्कार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

५. यस गाउँपालिकाको नव निर्मित प्रशासकीय भवन निर्माण हुनु पूर्व कार्यालय प्रयोजनका लागि भाडामा लिइएका/प्रयोग भएका घरहरुको सम्झौता बमोजिमको रङ रोगन तथा पर्दा कार्पेटिङको रकम प्राविधिक विल बमोजिम तपसिल अनुसार १० प्रतिशत कर सहित (अधिकतम रु ७१४५२०) सवारी साधन खरिद शिर्षकमा विनियोजित रकमलाई रकमान्तर गरी भुक्तानी दिने निर्णय गरीयो ।

<u>तपसिल :</u>

- तोरण बहादुर खडका रु ८७७१८/-
- सुकुमान श्रेष्ठ रु २२५६२८/-
- पदमलाला श्रेष्ठ रु ४००७०३/-

६. मिति २०८० कार्तिक २२ को गाउँ कार्यपालिकाको निर्णय बमोजिम जाजरकोट र रुकुम पश्चिमका भुकम्प प्रभावित क्षेत्रका नागरिकहरुको लागि जिन्सि सहयोग रु १० लाख बराबरको जिन्सि सहयोग वितरण भएको रातहको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

७. विविध सम्बन्धमा

१) मिति २०८० कार्तिक २२ गते भोटेकोशी गाउँ कार्यपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको संगठन व्यवस्थापन सर्वेक्षण (O&M) गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित समितिले पेश गरेको संगठन व्यवस्थापन सर्वेक्षण (O&M) स्वीकृती गर्ने निर्णय गरियो ।

२) यस गाउँपालिको लैङगिक समता तथा समावेशीकरणको फोकल पर्सन महिला तथा बालबालिका तथा जेष्ठ नागरिक शाखामाको समेत थप जिम्मेवारी तोकिएको श्री उषा कार्की (कृषि अधिकृत) लाइ र गैर सरकारी तथा संघ संस्थाको फोकल पर्सन पञ्जिकरण शाखामा कार्यरत एम.आइ.एस. अपरेटर रेञ्जिन शेर्पालाई तोक्ने निर्णय गरियो ।

३) यस गाउँपालिकाको लेखा समितिबाट निर्णय भइ कार्यपालिकामा पेश भएको तपसिल बमोजिमको वेरुजु नियमितताका लागि कार्यपालिकाबाट निर्णय गरी गाउँ सभामा अनुमोदनपेश गर्ने निर्णय गरियो ।

- मिति २०८०/०८/०३ मा महालेखा परीक्षकको कार्यालय बाट प्राप्त आ.व २०७९/०८० को लेखा परिक्षण प्रतिवेदनको दफा नं १२ कर्मचारी करार बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) अनुसार स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिकाले यस वर्ष स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको

पासाङ नुर्बु शेर्पा
अध्यक्ष

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

३. भोटेकोशी आधारभूत अस्पतालको लागि अत्यावश्यक डिजिटल एक्सरे मेशिन श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सगँ माग गर्ने निर्णय गरियो ।

४. हेली रिसोर्टबाट पेश भएको वील बमोजिमको रकम रु ५७ हजार ५ सय ३६ तथा स्मल हेभेनबाट पेश भएको वील बमोजिमको रकम रु १ लाख ५० हजार अथिति सत्कार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

५. यस गाउँपालिकाको नव निर्मित प्रशासकीय भवन निर्माण हुनु पूर्व कार्यालय प्रयोजनका लागि भाडामा लिइएका/प्रयोग भएका घरहरुको सम्झौता बमोजिमको रङ रोगन तथा पर्दा कार्पेटिङको रकम प्राविधिक विल बमोजिम तपसिल अनुसार १० प्रतिशत कर सहित (अधिकतम रु ७१४५२०) सवारी साधन खरिद शिर्षकमा विनियोजित रकमलाई रकमान्तर गरी भुक्तानी दिने निर्णय गरीयो ।

तपसिल :

- तोरण बहादुर खडका रु ८७७१८/-
- सुकुमान श्रेष्ठ रु २२५६२८/-
- पदमलाला श्रेष्ठ रु ४००७०३/-

६. मिति २०८० कार्तिक २२ को गाउँ कार्यपालिकाको निर्णय बमोजिम जाजरकोट र रुकुम पश्चिमका भुकम्प प्रभावित क्षेत्रका नागरिकहरुको लागि जिन्सि सहयोग रु १० लाख बराबरको जिन्सि सहयोग वितरण भएको रातहको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

७. विविध सम्बन्धमा

१) मिति २०८० कार्तिक २२ गते भोटेकोशी गाउँ कार्यपालिका, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको संगठन व्यवस्थापन सर्वेक्षण (O&M) गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित समितिले पेश गरेको संगठन व्यवस्थापन सर्वेक्षण (O&M) स्वीकृती गर्ने निर्णय गरियो ।

२) यस गाउँपालिको लैङगिक समता तथा समावेशीकरणको फोकल पर्सन महिला तथा बालबालिका तथा जेष्ठ नागरिक शाखामाको समेत थप जिम्मेवारी तोकिएको श्री उषा कार्की (कृषि अधिकृत) लाइ र गैर सरकारी तथा संघ संस्थाको फोकल पर्सन पञ्जिकरण शाखामा कार्यरत एम.आइ.एस. अपरेटर रेञ्जिन शेर्पालाई तोक्ने निर्णय गरियो ।

३) यस गाउँपालिकाको लेखा समितिबाट निर्णय भइ कार्यपालिकामा पेश भएको तपसिल बमोजिमको बेरुजु नियमितताका लागि कार्यपालिकाबाट निर्णय गरी गाउँ सभामा अनुमोदनपेश गर्ने निर्णय गरियो ।

- मिति २०८०/०८/०३ मा महालेखा परीक्षकको कार्यालय बाट प्राप्त आ.व २०७९/०८० को लेखा परिक्षण प्रतिवेदनको दफा नं १२ कर्मचारी करार बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) अनुसार स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिकाले यस वर्ष स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको

पासाङ नुर्बु शेर्पा
अध्यक्ष

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनले गरेको व्यवस्था विपरित विभिन्न पदमा ९८ जना करारमा कर्मचारी नियुक्ति गरी रु. ३,०५,४४,८९७।- पारिश्रमिक भुक्तानी गरेको कार्यलाई नियम सम्मत मात्र नसकिने रु.३,०५,४४,८९७ भनि उल्लेख भएता पनि सो सम्बन्धमा गाउँपालिकाको स्वीकृत दरबन्दी बाहेकको करारको तलब आ.व २०७९/८० मा रु १४८१९१४२ मात्र भुक्तानी भएको, स्वीकृत दरबन्दी भित्रको करार(स्वास्थ्य) तलब रु २४३११५१.५४ गरि कुल करार तलब रु १७२५०२९३.५४ मात्र भुक्तानी भएको हो। ताहा बाट प्रतिवेदन कायम हुँदा गाउँपालिका कार्यालयको स्थायी कर्मचारीको तलब भत्ता रु १३२९४६०३.४६ समेत जोडजम्मा भै रु ३०५४४८९७।- कायम भएको देखिन्छ । तसर्थ उक्त करार तथा स्थायी कर्मचारी तलब भत्ता यस कार्यालयको स्वास्थ्य, गाउँपालिका कार्यालय, वडा कार्यालय, सामुदायिक स्वास्थ्य इकाई, स्वास्थ्य चौकी, मठमन्दिर तथा तातोपानी धारा समेतको कर्मचारिको तलब भत्ता नियमनानुसार २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नियमानुसार म्याद थप तथा खालि दरबन्दीमा नयाँ नियुक्ति गरि कामकाज गरेको हाजिरीको आधारमा भुक्तानी गरेको तलब पारिश्रमिकमा कुनै हिनामिना तथा आर्थिक अनियमितता भएको छैन भनि प्रमुख प्रशासकीय अधिकृत बाट प्रचलित कानुन बमोजिम पुर्याउनु पर्ने रित नपुगेको भएपनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९(१) अनुसार नियमित गरि यस समितिमा पेश भएकोमा गाउँपालिकाको कार्य संचालन गरि सेवा सुचारु तथा सम्पन्न गर्न उक्त रकम कर्मचारीको तलब बापत स्थायी कर्मचारी तर्फ १३१९४६०३.४६ र करार तर्फ स्वीकृत दरबन्दी स्वास्थ्य रु २४३११५१.५४ र स्वीकृत दरबन्दी बाहेकको करार कर्मचारी तलब(सशर्त आयोजनागत तथा कार्यपालिका तर्फको कार्यालय, वडा, स्वास्थ्य चौकीको कार्यालय सहयोगी, हल्का सवारी चालक, सफाईकर्मी, पुजारी, तातोपानी धाराका कामदार, सामुदायिक स्वास्थ्य इकाईका कर्मचारीहरु) समेत एकमुस्ट रु १४८१९१४२ गरि कुल रु ३०५४४८९७।- भुक्तानी भएको हुँदा उक्त बेरुजु रकम रु ३०५४४८९७।- यस बैठकबाट नियमित गरि गाउँ सभामा अनुमोदनको लागि पेश गरेको छु ।

- मिति २०८०/०८/०३ मा महालेखा परीक्षकको कार्यालय बाट प्राप्त आ.व २०७९/०८० को लेखा परिक्षण प्रतिवेदनको दफा नं ४१ सोझै खरिद: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले यो वर्ष निम्नानुसारको खरिद कार्य वार्षिक खरिद योजना तयार गरी प्याकेज बनाई बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक रूपमा सम्पन्न गर्नुपर्नेमा टुक्रा टुक्रा पारी विभिन्न आपूर्तिकर्ताबाट प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिदबाट रू.६३५३६३९ भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. ६३५३६३९

| भौ.नं तथा मिति | आपुर्तक/खरिद | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १९-०७९/५/२३ | आचार्य ट्रेड लिङ्क | मसलन्द तथा कार्यालय समाग्री | १२००९६ |
| १९-०७९/५/२३ | आचार्य स्टेशनरी एण्ड जनरल सप्लायर्स | मसलन्द तथा कार्यालय समाग्री | १०१८४० |

| | | | |
|---|---|---|---|
| ३२३-२०७९/९/२९ | बालुवापाटी इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय समाग्री | ३८२२०२ |
| ८३१-०८०/३/११ | पंजी सप्लायर्स प्रा.ली. | मसलन्द तथा कार्यालय समाग्री | ४९६४९१ |
| २१-०७९/५/२४ | वडा नं.१ सचिव टेक प्र.अधिकरी | ल्यापटप १ थान | ९२९०० |
| ३८-०७९/५/२४ | वडा नं.४ सचिव लिलानाथ धमला | ल्यापटप १ थान | ९२८०० |
| ३३-०७९/५/३० | वडा नं. ५ का.स. दोर्जे तामाङ | ल्यापटप १ थान | ९२६४५ |
| १८७-०८०/२/१८ | वडा नं.२ सचिव राममान सिंह | ल्यापटप १ थान | ९८००० |
| ७१९-०८०/२/१८ | ग्लोबल लिङ्क टेक्नोलोजी प्रा.ली. | ल्यापटप १ थान | १०३८४० |
| ४७३-०८०/३/२० | वेलकम फोलोरिङ्ग एण्ड फर्निर्सिङ्ग | कार्यालय सामग्री | ९९८९९२ |
| ४६३-०८०/३/२० | बुडल्याण्ड फर्निचर | पिभिसि टायल | ९९८६३७ |
| ४६३-०८०/३/२० | फर्निचर वलर्ड | एल्मुनियम पार्टीसियन, स्टेज फलस, सिलिङ | ८३९२२९ |
| ४६१-०८०/३/२० | सिद्धिज फर्निचर सेन्टर | चेयर | ९९९०३३ |
| ८-०७९/७/४ | प्रधान फर्निचर एण्ड फर्निसिङ | दराज स्टिल सोफा | ६७७४३५ |

पासाङ नुर्बु शेर्पा
अध्यक्ष

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ८-०७९/७/४ | इष्ट अफ काठमाण्डौ इलेक्ट्रिक प्रालि | मेशिनरी औजार | २५९४९९ |
| | कुल जम्मा | | ६३५३६३९ |

- भनि उल्लेख भएता पनि सो सम्बन्धमा गाउँपालिकाको आ.व २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम तथा कार्यपालिका र गाउँसभाको निर्णय अनुसार स्वीकृत विनियोजित रकम सिमा रु १० लाख भित्रको बजेट योजना कार्यक्रम सार्वजनिक खरिद नियमावली २०६४ बाह्रौ संसोधन २०७९ को नियम ८५(१) क मा १० लाख सम्मको माल सामान सोझै खरिद गर्न सकिने कानूनी व्यवस्थाको पालना गरि नियम ८५(४) अनुसार सुचिकृत कम्पनि/फर्म बाट प्रतिस्पर्धा गराई कार्यालयमा आवश्यक भौतिक सामग्री, मसलन्द, विषयगत शाखाका स्वीकृत कार्यक्रम, वडा व्यवस्थापनमा विनियोजित सिमागत बार्षिक बजेट बाट आम्दानी दाखिला गरि कार्यालय व्यवस्थित ढंगले संचालन गरि लक्ष्यको ८८% भौतिक एवम् वित्तीय प्रगति हासिल गरेको अवस्था रहेको छ । यस सम्बन्धमा उल्लेखित कार्यक्रम योजनाहरु विषयगत शाखा, वडागत तथा कार्यालयको फरक फरक समयमा गर्नु पर्ने र प्रकृति तथा आपूर्तिकर्ता पनि फरक हुने हुँदा खरिद ऐनको पालना गरि गरिएको काममा कुनै हिनामिना तथा अनियमितता भएको छैन भनि भनि प्रमुख प्रशासकीय अधिकृत बाट प्रचलित कानुन वमोजिम पुर्याउनु पर्ने रित नपुगेको भएपनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९(१) अनुसार नियमित गरि यस समितिमा पेश भएको हुदा उक्त खरिद कार्य बाट नयाँ भवनको कार्यालय व्यवस्थापन तथा अन्य मसलन्द व्यवस्थापन गरिएको खर्चमा आर्थिक अनियमितता तथा हानि नोक्सानी नभएकोले उक्त बेरुजु रकम रु ६३५३६३९।- यस बैठकबाट नियमित गरि गाउँ सभामा अनुमोदनको लागि पेश गरेको छु ।
- मिति २०८०/०८/०३ मा महालेखा परीक्षकको कार्यालय बाट प्राप्त आ.व २०७९/०८० को लेखा परिक्षण प्रतिवेदनको दफा नं ५० प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनातर्फ ५०.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं. ७.१ मा तोकिएका पकेट, ब्लक, जोर र सुपर जोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक कृषि उत्पालन सामग्रीहरु (बीउ, वेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत), कृषि औजार तथा उपकरणहरुमा बढीमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढीमा १०० प्रतिशत, साना सिँचाइ पूर्वाधार तथा उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत सुविधा (अनुदान) उपलब्ध गराइने व्यवस्था छ । पालिकाले आलुवाली पकेट विकास कार्यक्रम अन्तर्गत गाउँ उत्थान सामुदायिक कृषक समूह, भोटेकोशी -३, बोक्चेनलाई सुविधा प्रदान गर्दा परियोजनाले तोकेको सुविधाका क्षेत्रहरु भन्दा फरक कार्य ज्याला (डोर हाजिरी) मा समेत गरी रु.५५०५००।- अनुदान उपलब्ध गराएकोले परियोजना म्यानुअलले तोकेकोभन्दा फरक कार्यमा भुक्तानी भएको सुविधा (अनुदान) असूल गरी दाखिला गर्नुपर्ने भनि उल्लेख भएको रु. १५०००/-

| गो भौ नं | समूहले खरिद बीउ, मल तथा उपकरण | खरिद भएको सामानको मूल्य | उपलब्ध हुने सुविधा |
|---|---|---|---|
| ९३/२०७९।१०।२६ | आलुको बिउ | १०७१००० | ५३५५०० |
| | डोर हाजिरी | १६२०० | - |
| | जम्मा | १०८७२०० | ५३५५०० |
| | जम्मा भुक्तानी भएको सुविधा | | ५५०५०० |
| | असुल हुनुपर्ने अनुदान रकम | | १५००० |

र

| गो भौ नं | समूहले खरिद बीउ, मल तथा उपकरण | खरिद भएको सामानको मूल्य | उपलब्ध हुने सुविधा |
|---|---|---|---|
| २३५/२०८।३।७ | कम्पोस्ट मल | ९४९६३० | - |
| | डोर हाजिरी | ३८०७०० | - |
| | जम्मा | १३३०३३० | - |
| | जम्मा भुक्तानी भएको सुविधा | | ६१३५०० |
| | असुल हुनुपर्ने अनुदान रकम | | ६१३५०० |

- रु ६१३५०० गरि जम्मा रु ६२८५०० दाखिला गर्नुपर्ने भनि उल्लेख भएको बेरुजुको सम्बन्धमा उल्लेखित अनुसारको कार्यविधिमा डोर हाजिर र कम्पोस्ट मलमा अनुदान दिन नमिल्ने भनि उल्लेख भएता पनि यस गाउँपालिकाको भौगोलिक अवस्था तथा स्थानीय स्तरमा कृषकहरुमा उपरोक्त अनुसारको कम्पोस्ट मल उत्पादन गर्ने पशुजन्य सबै किशानहरुसंग आवश्यक मात्रामा नभएको कारण व्यवसायिक पशुपालकहरुबाट खरिद गरि मलजल लगाउनु पर्ने वायाध्यात्मक अवस्था भएकोले उपरोक्त अनुसारको बेरुजु रु ६२८५००।- सम्बन्धित किशान बाट अशुली गर्दा कृषि व्यवसाय गर्न नै किशानहरु उदासीन हुने अवस्था रहेको छ । उक्त श्रम ज्याला र मल प्रयोग गरि आलु राम्रो संग उत्पादन भै कृषकहरुको आयआर्जनमा टेवा गरि पकेट विकासलाई निरन्तरता दिन समेत आवश्यक देखिएकोले उक्त पकेट विकास कार्यक्रम संचालन बाट सरकारलाई हने नोक्सानी तथा आर्थिक अनियमितता नभएको हुदा बेरुजु रकम असुली लगत बाट कट्टा गरि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९(४) अनुसार उक्त बेरुजु

रकम रु ६२८५००।- नियमित गर्नुपर्ने बेरुजु कायम गरि संपरीक्षणको लागि म.ले.पलाई अनुरोध गर्न यस बैठकबाट नियमित गरि गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

- मिति २०८०/०८/०३ मा महालेखा परीक्षकको कार्यालय बाट प्राप्त आ.व २०७९/०८० को लेखा परिक्षण प्रतिवेदनको दफा नं अनुसार ५०.३ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को परिच्छेद ७ को बुँदा नं. ७.१ मा तोकिएका पकेट, ब्लक, जोर र सुपर जोनमा सञ्चालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक कृषि उत्पालन सामग्रीहरु (बीउ, वेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत), कृषि औजार तथा उपकरणहरुमा बढीमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढीमा १०० प्रतिशत, साना सिँचाइ पूर्वाधार तथा उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत सुबिधा (अनुदान) उपलब्ध गराइने व्यवस्था छ । पालिकाले आलुवाली पकेटको निरन्तरता अन्तर्गत नव ज्योति कृषि तथा पशुपालन कृषक समूह, भोटेकोशी -४, च्यामडाँडालाई सुविधा(अनुदान) को प्रदान गर्दा परियोजनाले तोकेको सुबिधाका क्षेत्रहरु भन्दा फरक कार्यहरु प्राराङ्गारिक मल तथा रासायनिक मल खरिद, ज्याला(डोर हाजिरी) तथा ढुवानी लगायतका कार्यमा समेत गरी रु.५८२०००।- अनुदान उपलब्ध गराएकोले परियोजना म्यानुअल भन्दा फरक कार्यमा भुक्तानी भएको सुविधा(अनुदान) असुल गरि दाखिला गर्नुपर्ने

| गो भौ नं | समूहले खरिद बीउ, मल तथा उपकरण | खरिद भएको सामानको मूल्य | उपलब्ध हुने सुविधा |
|---|---|---|---|
| २४९/२०८।३।१३ | कम्पोस्ट मल | ६३०१८९ | ३१५०९४.५० |
| | डोर हाजिरी | १००००० | - |
| | जम्मा | ८४९२५९ | ३१५०९४.५० |
| | जम्मा भुक्तानी भएको सुविधा | | ५८२००० |
| | असुल हुनुपर्ने अनुदान रकम | | २६६९०५.५० |

- रु. २६६९०५.५० दाखिला गर्नुपर्ने भनि उल्लेख भएको बेरुजुको सम्बन्धमा उल्लेखित अनुसारको कार्यविधिमा डोर हाजिर र कम्पोस्ट मलमा अनुदान दिन नमिल्ने भनि उल्लेख भएता पनि यस गाउँपालिकाको भौगोलिक अवस्था तथा स्थानीय स्तरमा कृषकहरुमा उपरोक्त अनुसारको कम्पोस्ट मल उत्पादन गर्ने पशुजन्य सबै किशानहरुसंग आवश्यक मात्रामा नभएको कारण व्यवसायिक पशुपालकहरुवाट खरिद गरि मलजल लगाउनु पर्ने वायाध्यात्मक अवस्था भएकोले उपरोक्त अनुसारको बेरुजु रु. २६६९०५.५०।- सम्बन्धित किशान वाट अशुली गर्दा कृषि व्यवसाय गर्न नै किशानहरु उदासीन हुने अवस्था रहेको छ । उक्त श्रम ज्याला र मल प्रयोग गरि आलु राम्रो संग उत्पादन भै कृषकहरुको आयआर्जनमा टेवा गरि पकेट विकासलाई निरन्तरता दिन समेत आवश्यक देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९(४) अनुसार उक्त बेरुजु रकम रु २६६९०५.५०।- नियमित गर्नुपर्ने बेरुजु कायम गरि संपरीक्षणको

अध्यक्ष

बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

भोटेकोशी गाउँपालिका
कोदारी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लागि म.ले.पलाई अनुरोध गर्न यस बैठकबाट नियमित गरि गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

- १.५) मिति २०८०/०८/०३ मा महालेखा परीक्षकको कार्यालय बाट प्राप्त आ.व २०७९/०८० को लेखा परिक्षण प्रतिवेदनको दफा नं २६ स्वकिय सचिवमा मिति २०८०/०८/०३ मा महालेखा परीक्षकको कार्यालय बाट प्राप्त आ.व २०७९/०८० को लेखा परिक्षण प्रतिवेदनको दफा नंउल्लेख भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३८(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । त्यसैगरी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(क) मा स्थानीय तहका पदाधिकारीले अनुसूची-१ क मा उल्लेख भए बमोजिमको सुविधा पाउने उल्लेख छ । यो वर्ष कार्यपालिकाको निर्णयले देहायका व्यक्तिलाई अध्यक्ष तथा उपाध्यक्षको स्वाकिय सचिव नियुक्त गरी रू.४,२३, २०१/-भुक्तानी गरेको छ । पालिकाको स्वीकृत दरबन्दीमा नरहेको तथा पदाधिकारीको सुविधा सम्बन्धी ऐनले समेत व्यवस्था नगरेको स्वकिय सचिव पदमा नियुक्त गरी पारिश्रमिक सुविधा भुक्तानी गर्न मिल्ने नदेखिएको रू. ४,२३,२०१/-

| नाम | पद | नियुक्ती मिति | अवधि | मासिक सुविधा | प्रोत्साहन थप | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|---|
| विकल लामा | अध्यक्षको स्वकिय सचिव | २०७९/५/२४ | २०८०/३/३१ | २०७०० | १८४७५ | २,५२,१८५ |
| बुट्टी शेर्पा | उपाध्यक्षको स्वकिय सचिव | २०७९/३/२७ | २०७९/११/१९ | १७२५० | २२०९१ | १,७१,०१६ |
| | जम्मा | | | | | ४,२३,२०१ |

- भएतापनि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नमुना कानुन अनुसार अध्यक्षको लागि १ (एक) जना र उपाध्यक्षको लागि १ (एक) जना स्वकीय सचिव राख्न सकिने व्यवस्था देखिएको र पदाधिकारीलाई समन्वय तथा सहजीकरणको लागि अति आवश्यक देखिएकोले नियमित हाजिर गराई कामकाज गराई तलव भत्ता भुक्तानी भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९(१) अनुसार नियमित गरि यस समितिमा पेश भएकोमा गाउँपालिकाको कार्य संचालन गरि सेवा सुचारु तथा सम्पन्न गर्न उक्त रकम कर्मचारीको तलब भत्तामा भुक्तानी भएको हुँदा उक्त बेरुजु रकम रु ४,२३,२०१।- यस बैठकबाट नियमित गरि गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

पासाङ नुर्बु शेर्पा
अध्यक्ष

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

४) यस गाउँपालिकाको स्रोत अनुमान तथा बजेट निर्धारण समितिले तयार गरेको आ.व. २०८१/०८२ को अनुमानित आय/व्ययको विवरण श्री प्राकृतिक स्रोत तथा वित आयोग र अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।

भोटेकोशी गाउँपालिका

आ.व २०८१/०८२ अनुमानित आय

| शीर्षक | कुल जम्मा | गाउँ सभा बाट बाँडफाँड हुने | सशर्त अनुदान |
|---|---|---|---|
| संघीय समानिकरण अनुदान | ११५८००००० | ११५८००००० | |
| प्रदेश समानिकरण अनुदान | ११६६०००० | ११६६०००० | |
| संघीय राजश्व बाँडफाँड रकम | ८६००८००० | ८६००८००० | |
| प्रदेश राजश्व बाँडफाँड रकम | २६६६८००० | २६६६८००० | |
| २०८१/८२ मा प्राप्त हुने रोयल्टि बाँडफाँड राजस्व | १४००००००० | १४००००००० | |
| आन्तरिक स्रोत | ० | ० | |
| राजश्व आम्दानी | ३९८३५५०० | ३९८३५५०० | |
| वैक मौज्दात | ३०५१०५९५ | ३०५१०५९५ | |
| संघीय शसर्त चालु अनुदान | १४१५००००० | ० | १४१५००००० |
| संघीय शसर्त पुँजिगत अनुदान | २६१००००० | ० | २६१००००० |
| संघीय समपूरक पुँजिगत अनुदान | २००००००० | ० | २००००००० |
| संघीय विशेष पुँजिगत अनुदान | २००००००० | ० | २००००००० |
| प्रदेश शसर्त चालु अनुदान | ६९६८००० | ० | ६९६८००० |
| प्रदेश शसर्त पुँजिगत अनुदान | १८१५०००० | ० | १८१५०००० |

पासाङ नुर्बु शेर्पा
अध्यक्ष

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

भोटेकोशी गाउँपालिका
जालपा/भोटेकोशी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| प्रदेश समपुरक पुँजिगत अनुदान | २००००००० | ० | २००००००० |
| प्रदेश विशेष पुँजिगत अनुदान | २००००००० | ० | २००००००० |
| | ७२३२०००९५ | ४५०४८२०९५ | २७२७८००० |

आ.व २०८१/०८२ को अनुमानित व्यय तर्फ

| शीर्षक | चालु खर्च रु | पुँजीगत खर्च रु | कुल रु |
|---|---|---|---|
| गा.पा चालु खर्च | १८९७३१५०० | ० | १८९७३१५०० |
| गा.पा पुँजिगत खर्च | ० | १२०७५०५९५ | १२०७५०५९५ |
| गा.पा पुँजिगत खर्च (वहुवर्षिय आयोजना) | ० | १४०००००० | १४०००००० |
| पालिका तर्फ कुल बजेट(गाउँ सभा बाट बाडफाड हुने) | १८९७३१५०० | २६०७५०५९५ | ४५०४८२०९५ |
| संघिय तथा प्रदेश अनुदान तर्फ | | | |
| प्रदेश शसर्त अनुदान | ६९६८००० | १८१५०००० | २५११८००० |
| प्रदेश समपुरक अनुदान | ० | २००००००० | २००००००० |
| प्रदेश विशेष अनुदान | ० | २००००००० | २००००००० |
| संघीय शसर्त अनुदान | १४१५००००० | २६१००००० | १६७६००००० |
| संघीय समपुरक अनुदान | ० | २००००००० | २००००००० |
| संघीय विशेष अनुदान | ० | २००००००० | २००००००० |
| सशर्त, समपुरक, विशेष अनुदान तर्फ कुल जम्मा | १४८४६८००० | १२४२५०००० | २७२७८८००० |

पासाङ नुर्बु शेर्पा
अध्यक्ष

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| कुल जम्मा | ३३८१९९५०० | ३८५०००५९५ | ७२३२०००९५ |

समाप्त

मैटेकोशी गाउँपालिका
कालेपङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

पासाङ दुर्गा
अध्यक्ष

वीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत